# खोटाङ जिल्ला अदालत

सगरमाथा अञ्चल

फोन नं. -०३६४२०१९५

फ्याक्स नं. -०३६४२०१९५

खोटाङ, दिक्तेल E-mail: infodckhotang@dcourt.gov.np


प.स. :०७४।७५

मिति -२०७५।०३।१३

चलानी नं.- १६०१

विषय :- **बैतनिक अधिवक्ता पद १ का लागि दरखास्त आह्वान गरिएको सूचना।**

यस अदालतमा मिति २०७५।०४।०१ देखि रिक्त हुने वैतनिक अधिवक्ता पद १ मा खुला प्रतिष्पर्धाद्वारा छनौंट गरी नियुक्त गर्नुपर्ने भएकोले यस अदालतको मिति २०७५।३।१३ को निर्णयानुसार 'वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्तसम्बन्धी निर्देशिका २०७२' को दफा २ र जिल्ला अदालत नियमावली, २०५२ को नियमा ९५क बमोजिम उक्त पदका लागि सेवा गर्न इच्छुक तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु.१०।- निवेदन दस्तुर सहितको दरखास्त यस अदालतमा दर्ता गराउनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

विज्ञापन गरिएको पदसम्बन्धी विवरण:

१) पद:- वैतनिक अधिवक्ता

२) सेवा अवधि :- २ वर्ष

३) मासिक पारिश्रमिक:- तोकिएअनुसार।

४) प्रदान गर्नुपर्ने सेवा:- यस अदालतबाट तोकिएबमोजिम।

५) दरखास्तसाथ संलग्न हुनुपर्ने कागजातहरु :-

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि।

ख) अधिवक्ताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि।

ग) कानूनमा स्नातक र स्नातकोत्तर उपाधी प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

घ) सम्बन्धीत विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि।

६) छनौटको किसिम:- अन्तर्वार्ता र वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्तसम्बन्धी निर्देशिका,२०७२ द्वारा तोकिएको अन्य आधारमा हुने।

७) अन्तर्वार्ता मिति:- मिति २०७५।०३।२८ गते प्रकाशित गरिने छ।

८) नियुक्ति लिन आउनुपर्ने अवधि:- छनौंटको लागि सिफारिश भएको मितिले ७ (सात) दिनभित्र।

९) यस सम्बन्धी अन्य कुनै किसिमको जानकारी चाहिएमा खोटाङ जिल्ला अदालतमा सम्पर्क गर्न सकिने छ।

२०७५।३।१३।४

(प्रदीपकुमार उपाध्याय)

श्रेस्तेदार

(रा.प.तृतीय श्रेणी)